# माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाज्यूको नेतृत्वमा भएका कार्य प्रगति

नेपाल सरकार कार्य विभाजन नियमावली २०७४ बमोजिम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मुख्य कार्यक्षेत्र महिलाको हक एवं सशक्तीकरण सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण गर्ने, ज्येष्ठ नागरिक, बालबालिका र अपांगता भएका व्यक्तिको हक, अधिकार तथा संरक्षण, लैंगिक हिंसा निवारण, महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्ति सम्बन्धि अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा अभिसन्धिहरूको कार्यान्वयन र गैर सरकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अनुगमन रहेको छ । नेपालको संबिधान बमोजिम नयाँ संघीय सरकार निर्माण भए पश्चात मैले यस मन्त्रालयको जिम्मेवारी सम्हालेको दिनदेखि हालसम्म यस मन्त्रालयबाट भएका मुख्य मुख्य प्रगति र भावी कार्य योजना निम्नानुसार रहेको व्यहोरा अनुरोध गर्दछु ।

१. सन् २०३० सम्ममा सवै किसिमका लैंगिक विभेदको अन्त्य गर्ने, राज्यका सवै क्षेत्र संरचना तथा तहहरुमा महिलाको समान तथा अर्थपूर्ण सहभागिता हासिल गर्ने र अवसर पहुँच प्रतिफल र लाभहरुमा सारभूत समानता कायम राख्ने लक्ष्यका साथ लैंगिक समानतामूलक राष्ट्र निर्माण गर्न राष्ट्रिय लैंगिक समानता नीति को अन्तिम मस्यौदा तयार२०७५ ,भएको छ ।

२. नेपालको संबिधानमा बालबालिका सम्बन्धमा भएका व्यवस्थाहरु कार्यन्वयन गर्न बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धिका साथै बालअधिकारको सम्मान, सम्बर्धन, परिपूर्ति एवं बालमैत्री न्याय सम्पादन र बालबालिकाको सर्बोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गर्ने नयाँ ऐनको मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

३. लैंगिक हिंसा निवारण कोष संचालन नियमावली २०६७ मा उल्लेखित जिल्लास्थित कार्यालयहरु रुपान्तरण भईसकेको सन्दर्भमा संघीय संरचना अनुकुल हुने गरी र लैंगिक हिंसा पीडित/ प्रभावितहरुले तत्काल राहत पाउने गरी लैंगिक हिंसा निवारण कोष संचालन नियमावलीका प्रवधानहरुलाई संशोधन मस्यौदा तयार गरिएको छ ।अपाङ्गता भएका

व्यक्तिको अधिकार सम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्यान्वयन कार्ययोजना को मस्यौदा तयार भएको छ ।

४. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावलीको मस्यौदामा विभिन्न मन्त्रालयको राय प्रतिक्रिया प्राप्त भएकोछ ।

५. राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत मानव विकास सूचकांकमा पछाडि परेका १४ जिल्ला (भोजपुर, सुनसरी, वारा, रौतहट, दोलखा, सिन्धुली, तनहुँ, लम्जुङ, रोल्पा, दाङ, दैलेख, मुगु,, अछाम, दार्चुला) का करिब ११०० महिलाहरुले तालीम लिई स्वरोजगार तथा उद्यमशीलता विकासमा सहयोग भैरहेको छ । अन्तर्राष्ट्रिय व्यापार मेलामा ललितपुरमा महिला प्रवर्धित सहकारी संस्थाद्धारा २० स्टल राखी बजार प्रबर्द्धन कार्य गरिएको ।यसबाट महिलाहरुलाई बस्तु उत्पादन र बजारीकरण गर्न सहयोग पुगेको ।

६. ४ वटा प्रदेशको १० जिल्लाको १४ ठाउँमा स्थानीय जनप्रतिनिधिहरुलाई लैंगिक हिंसा विरुद्ध अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । लैंगिक हिंसा पिडित तथा प्रभावितको लागि १९ जिल्लामा अल्पकालीन सेवा केन्द्र संचालनमा ल्याइएको छ ।

७. हिंसा पीडितहरुको दीर्घकालीन पुनस्थापनाको लागि काठमाण्डौमा मंगला सहाना पुनस्थापना केन्द्र सञ्चालनमा रहेको छ ।यस केन्द्रमा ४० जनाले सेवा लिइसकेका छन् । हाल २१ जना लैङ्किक हिंसा पीडित/प्रभावितहरु आश्रय लिईरहेका छन् जसमध्ये १० जनाले औपचारिक शिक्षा ७ जनाले अनौपचारिक शिक्षा र ८ जनाले विभिन्न किसिमका सिप तथा तालिमहरु लिईरहेका छन् । केन्द्रबाट १० जनालाई पारिवारिक पुर्नस्थापना गराईएको छ ।

८. मुलुकी ऐन जबरजस्ती करणी महलको १० (ग) बमोजिम अदालतबाट भएको आदेश अनुसार लैङ्गिक हिंसा निवारण कोषबाट हालसम्म ३७ जनालाई ३५ लाख ५० हजार रकम क्षतिपूर्ति उपलब्ध गराईएको छ । त्यसैगरी लैङ्किक हिंसा निवारण कोषबाट केन्द्रीय स्तरबाट १२ जनालाइ ४ लाख ४५ हजार रकम राहत उपलब्ध गराईएको । लैङ्गिक हिंसा निवारण कोषमा करिब ४ करोड रकम रहेको छ ।

९. कैलालीको घोडाघोडी नगरपालिका वडा नं. ५ निवासी २० वर्षिय पार्वती चौधरी बोक्सी आरोपमा भएको कुटपिटको घटनाको मन्त्रालयको टोलीले स्थलगत अध्ययन गरी पीडितलाई जिल्ला राहत कोषबाट २० हजार राहत उपलब्ध गराउनुका साथै घटनाको यथार्थ विवरण

सहितको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेश गरेको छ । सो घटनाका पीडक राम बहादुर चौधरी सहित पुर्पक्षको लागि थुनामा रहेका छन् यस बोक्सीको आरोप सम्बन्धी कैलाली घटनाको मन्त्रालयले निरन्तर रुपमा जानकारी लिइरहेको छ ।

१०. मानवबेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा राष्ट्रिय समिति र जिल्ला समितिबीच परिवर्तित राज्य व्यवस्था अनुरुप मानवबेचविखन तथा ओसारपसार नियन्त्रण सन्दर्भमा प्रदेश नम्बर ७ को धनगढी, कैलालीमा सबै स्थानीय इकाईहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको छ ।

११. मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा सरकारी रगै सरकारी निकाय बाट सम्पादन भएका प्रगति तथा उपलब्धीहरु समेटी राष्ट्रिय प्रतिवेदन तयार गरिएको छ ।

१२. १० वटा पुनस्थापना गृह मार्फत ७८५ जना मानब बेचबिखन तथा ओसारपसारबाट पिडित तथा प्रभावितहरुलाई सेवा प्रदान गरिएको छ ।

१३. मन्त्रालयवाट सम्पादन भईरहेका कार्यहरु, बिद्यमान नीति ऐन कानून तथा कार्यक्रमका वारेका प्रदेश नं१ को ४ जिल्ला र प्रदेश नं ४ का सवै जिल्लाका १२० स्थानीय तहका प्रमुख र उप प्रमुखलाई अभिमूखीकरण गरिएको ।

१४. एकल महिलाको क्षमता अभिवृद्धि ,आय आर्जन र स्वरोगारका लागि सुरक्षाकोषवाट रकम उपलब्ध गराएको। नुवाकोटमा २ लाख १८ हजार र वाजुरामा २ लाख ३० हजार बजेट उपलब्ध गराईएको ।

१५. सवै संघीय मन्त्रालयका लैंगिक सम्पर्क विन्दुहरुको क्षमता विकास कार्यक्रम भएको छ।

१६. कोलम्बो प्लानका २७ देशका लैंगिक सम्पर्क व्यक्तिहरुको ३ दिने क्षेत्रीय सम्मेलन नेपालमा आयोजना गरी महिला तथा वालवालिकाका क्षेत्रमा भएका असल अभ्यासको आदानप्रदान तथा आगामी कदमको वारेका छलफल भएको ।

१७. अठारौं सार्क सम्मेलनको घोषणापत्रको बुँदा नं २० अनुसार सार्क क्षेत्रको लागि सामाजिक संरक्षण कार्ययोजनाको मस्यौदा तयार गरिएको ।

१८. सिंहदरबार परिसरभित्र सञ्चालित दिवा शिशु स्याहार केन्द्र सञ्चालन भईरहेको हाल ९२ जना शिशुहरु केन्द्रमा रहेको

१९. ७५ वटै जिल्लामा बालबालिका उपर हुने हिंसा विरुद्धमा सचेतनामूलक कार्यक्रम संचालन भइरहेको छ ।

२०. बालसुधार गृह (सानोठिमी, कास्की, मोरङ) संचालन भइरहेको । हाल २८८ जना सुधार गृहमा रहेको छन् भने नेपालगञ्जमा बालसुधार गृह संचालनको क्रममा रहेको छ ।

२१. UNCRPD समितिले उठाएका List of Issues को जबाफी प्रतिबेदन तयार गरी समितिमा पठाइएको र सो समिति समक्ष नेपालले पेश गरेको अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको प्रारम्भिक प्रतिबेदनमामाथिको छलफलमा भाग लिई नेपालले अपांगता भएको व्यक्तिको हक र अधिकार सम्बर्धन र संरक्षणको क्षेत्रमा हासिल गरेका प्रगति, उपलब्धि आदानप्रदान गरेको ।

२२. सबै प्रदेशमा अपांगता भएका व्यक्तिको लागि सहायक सामग्री उत्पादन तथा निशुल्क वितरणको गरिएको छ । यस अवधिमा २२०० जनाले सहायक सामग्री प्राप्त गरेका छन् ।

२३. ६५ वटा बृद्धाश्रममा रहेका १३५७ जेष्ठ नागरिकहरुको संरक्षणलाई निरन्तरता दिईएको। पशुपति बृदाश्रम (समाज कल्याण केन्द्र) मा १६२ जना ज्येष्ठ नागरिकहरु रहेका ।

२४. ज्येष्ठ नागरिक सम्बन्धित १२२ वटा संघसंस्थाहरुमार्फत ज्येष्ठ नागरिक आश्रम निर्माण र संचालनका लागि आर्थिक सहयोग उपलब्ध गराइएको ।

२५. ज्येष्ठ नागरिकहरुको हेरचाहका निम्ति विभिन्न संघ संस्थाहरुलाई चालु अनुदान उपलब्ध गराई ४९ जिल्लामा ८७ वटा दिवासेवा केन्द्र संचालन भइ ज्येष्ठ नागरिकहरुले उपलब्धिमूलक सेवा प्राप्त गरि रहेका छन् ।

२६. नयाँ पुस्तामा ज्येष्ठ नागरिकहरु प्रति सम्मानपूर्वक भावनाको विकास गर्न ७५ ओटा जिल्लामा २२५ ओटा विद्यालयमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रमबाट संचालन भएको ।

२७. समाज कल्याण परिषदमा देखिएका भृकुटीमण्डप र कोष परिचालन लगायतका समस्याहरु समाधान गर्न २ वटा समिति निर्माण गरी काम सुरु भएको ।

२८. समाज कल्याण परिषद्बाट सिफारिस भई आएका मध्ये अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको २२ वटा साधारण सम्झौता र रु. ११ अर्ब १७ करोड ५८ लाख ८६ हजार बराबर रकमका ६२ वटा परियोजना सम्झौताका लागि सहमति प्रदान गरिएको छ ।

२९. यौनिक तथा लैंगिक अल्पसंख्यकहरु प्रति समाजमा रहेको भ्रम हटाउन अन्तरक्रिया तथा पैरवीका कार्यक्रम संचालन भएको छ ।